मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

OPENING SOON
ERKE
Erke brand authorized showroom
D next dress up
हेटौंडा-१०, रात्रीरोड
राजक शाही
मोबाइल नम्बर ९८४५०७०१५६

# 'थाहा पाउने थलो' पुस्तकालयको कन्तबिजोग

साझाकुरा संवाददाता

हेटौंडा, १५ भदौ/ रुपचन्द्र विष्ट (रुदाने) को जन्मथलो थाहा नगरपालिकामा जनताले थाहा पाउन भनेर खोलिएका वर्षौं पुराना पुस्तकालय अलपत्र अवस्थामा छन् ।

थाहा नगरपालिकाभित्रक आधा दर्जन पुस्तकालय अलपत्रमात्र नभई जीर्ण भवन र पुस्तकमा धमिरा लाग्ने अवस्थामा गुज्रिइरहेका छन् । तर, 'थाहा पाउने थलो' पुस्तकालयको व्यवस्थित सञ्चालनमा सम्बिन्धत निकायको चासो परेको देखिँदैन । थाहा नगरपालिकासँग 'थाहा'को अर्थपूर्ण साइनो छ । यी अव्यवस्थित पुस्तकालयले त्यो थाहाको साइनो कतै मेटाउने त हैन ? भन्ने चिन्ता यतिबेला थाहाका पुस्तकप्रेमीलाई परेको छ ।





मकवानपुरको उत्तरी ग्रामीणभेग थाहा नगरपालिकाको शिखरकोटस्थित नवजागृत पुस्तकालय, थाहा-६ बज्रबाराहीमा रहेको सुनौलो सामुदायिक सिकाइ केन्द्र, पालुङको जीवनज्योति, ओखरबजारको सूर्योदय लगायत सामुदायिक पुस्तकालयका संरचना लथालिङ्ग रहेका छन् । अधिकांश पुस्तकालयको अवस्था नाजुक छ । पुस्तकालय भवन छ, किताब पनि छन् तर, धमिरा लागिसकेको । पुस्तकालयमा पाठक न व्यवस्थापन लथालिङ्ग रहेको स्थानीय पुस्तकप्रेमीहरु गुनासो गर्छन् ।

पुस्तकालय अलपत्र हुँदा रुदानेको 'थाहा' अभियानलाई गिज्याइरहेको छ । विद्रोही स्वभावका रुदाने (रुपचन्द्र-दामन-नेपाल) पालुङका जनतालाई बारम्बार 'थाहा' पाउनुपर्छ भन्थे । रुदाने त्यतिबेला घरघरै पुगेर 'जीवन, जगत, राजनीति र समाज 'थाहा' भएमा मान्छेले सुख पाउने र थाहा नपाए तिमीहरुकै जस्तो नारकीय जीवन पाउँछस् भातेहरु' भन्दै हिँड्थे । 'थाहा आन्दोलन' अर्थात् जनताले थाहा पाउनै पर्छ भन्ने आन्दोलन उनले चलाएका थिए ।

त्यो आन्दोलनको मर्मविपरित रुदानेले खोलेका पुस्तकालयको संरक्षण र नियमित सञ्चालनको जिम्मा थाहा नगर पालिकाले लिनुपर्नेमा त्यसको ठीक उल्टो भएको स्थानीय गुनासो गर्छन् । १९९० मा दामनको घर्तीखोलामा जन्मिएर २०२२ मा मकवानपुरको पालुङ गाउँ पञ्चायतका प्रधानपञ्च निर्वाचित भएका थिए, रुदाने । 'थाहा' आन्दोलनकै क्रममा उनले सामुदायिक पुस्कालय खोले पालुङमा । पछि पनि दामनपालुङमा पुस्तकालय स्थापना भएका थिए ।

थाहा आन्दोलनको जगमा उभिएको थाहा नगरपालिकाको वर्षौं पुराना पुस्तकालय अलपत्र मात्र छैनन्, दयनीय अवस्थामा गुज्रिएका छन् । जीर्ण पुस्तकालयका किताबमा लागेको धमिराले रुदानेको 'थाहा' आन्दोलनलाई गिज्याइरहेको हो । थाहा नगरपालिका प्रमुख विष्णुबहादुर विष्टले पुस्तकालयको अवस्था बारे अब बुझेर आवश्यक काम गर्ने बताए । उनले पुस्तकालय सञ्चालनको जिम्मेवारी लिएका बजार व्यवस्थापन समिति, क्लबहरुले जानकारी नगराएको बताए । 'म अब बुझ्छु । के गर्नपर्छ हामी गर्छौं ।,' उनले भने ।

पालुङमा स्थापना गरिएको जीवनज्योति पुस्तकालय ३ दशकदेखि बन्द छ । पुस्तक धमिराले खाइसकेको थाहा नगरपालिकाका सूचना अधिकारी सुरजकुमार भुजेलले बताए । यो पुस्तकालय भवन टेको लगाएर राखिएको छ । रुपचन्द्र विष्टको सक्रियतामा वि.सं. २०२२ सालमा पालुङमा स्थापना गरिएको जीवनज्योति पुस्तकालय २०३५ सालसम्म आंशिक चलेको भएपनि २०४८ सालपश्चात् पूर्णरुपमा बन्द भएको उनले जानकारी दिए । पुस्तकालयमा झन्डै पाँच हजार पुस्तक थिए । अहिले धुलिया लागेका केही पुस्तहरु मात्र छन् ।

बाहिरैबाट हेर्दा २०७२ सालको भुकम्पले चरचरी चर्काएको भवन ढल्ने अवस्थामा पुगेको छ भने पुस्तक सबै धमिराले खाएर धूलैधूलो भएका छन् । रुपचन्द्रले विभिन्न क्षेत्रबाट इतिहास, जीवनी, समाजशास्त्र, दर्शनलगायत किताब ल्याएर पुस्तकालयमा राखेका थिए । पाँच सयभन्दा बढी पुस्तकालयका सदस्य थिए । पुस्तकालयले यस क्षेत्रका बासिन्दालाई पढ्ने बानी बसालेको स्थानीयवासी ध्रुव श्रेष्ठले बताए ।

शिखरकोटमा पनि रुपचन्द्रले नवजागृत पुस्तकालय २०२५ सालमा स्थापना गरेका थिए । त्यो पनि लामो समयसम्म बन्द भयो, अहिले आंशिक सञ्चालनमा छ । अहिले पनि पाठकका लागि पुस्तकालय खुल्ने गरेको बताइन्छ । नवजागृत पुस्तकालय गोपाल गोपाली र तीर्थदास श्रेष्ठलगायतको प्रयासमा शुभारम्भ भएको पुस्तकालयको आफ्नै भवन छ । घर भाडामा लगाएर पुस्तकालयले स्रोत संकलन गर्दै आएको छ ।

थाहा नगरपालिकाको ओखरबजारमा रहेको सूर्योदय पुस्तकालय बन्द अवस्थामा छ । वि.सं. २०४८ सालमा स्थापना भएको पुस्तकालयको आफ्नै भवन छ । भवन भाडामा लगाइएको छ । पुस्तकालय सञ्चालनमा छैन । थाहा नगरपालिका वडा नं ६ को बज्रबाराहीमा रहेको सुनौलो सामुदायिक सिकाइ केन्द्र मार्फत पुस्तकालय सञ्चालनमा रहेको छ । थाहाको अन्य पुस्तकालय भन्दा यो पुस्तकालय फरक छ ।

वि.सं. २०७० सालमा तत्कालीन जिल्ला शिक्षा कार्यालय मकवानपुरको मातृत्वमा स्थापना भएको यो पुस्तकालय अहिले थाहा नगरपालिका शिक्षाशाखा मातहतमा छ । दैनिक विहान र बेलुका नै पुस्तकालय खुल्ने अध्यक्ष रुपचन्द्र गोपालीले जानकारी दिए । सरकारले पुस्तकालय दिवस मनाउने भनिरहँदा थाहा नगरपालिका मात्र नभई मकवानपुरमा रहेका पुराना पुस्तकालयहरुको अवस्था दयनीय छ । वि.सं. २००९ सालमा भीमफेदीमा स्थापना गरिएको ज्योति पुस्तकालयको अवस्था पनि नाजुक छ । यो पुस्तकालय मकवानपुरको पहिलो हो ।

२०१८ सालतिर हेटौंडामा स्थापना गरिएको हाम्रो पुस्तकालय, २०२८ सालमा तत्कालीन हटिया गाविसमा स्थापना गरिएको धरणीधर पुस्तकालय, २०२५ सालमा नगर पालिका रोडमा स्थापना गरिएको मानस पुस्तकालय र २०३५ सालमा स्थापना गरिएको जनपुस्तकालय पनि उस्तै हालतमा छ । हेटौंडाको पुरानो पुष्पलाल पार्कमा रहेको पुस्तकालय भने सञ्चालनमा छ ।

# राष्ट्रिय निर्माण व्यवसायी संगठन अध्यक्षमा सापकोटा

साझाकुरा संवाददाता

हेटौंडा, १५ भदौ/नेपाल राष्ट्रिय निर्माण व्यवसायी संगठन मकवानपुरको अध्यक्षमा भरतप्रसाद सापकोटा चयन भएका छन् । शनिबार हेटौंडामा भएको संगठनको दोस्रो जिल्ला सम्मेलनबाट सापकोटाको अध्यक्षतामा १५ सदस्यीय नयाँ कार्यसमिति चयन गरिएको हो ।



समितिको बरिष्ठ उपाध्यक्षमा डोलबहादुर थापा, उपाध्यक्षमा रंगनाथ ढकाल, महासचिव अबिरल गजुरेल, सचिव सन्दिप पौडेल, कोषाध्यक्ष मोतिलाल सिंगार चयन भएका छन् । यसैगरी, सदस्यहरुमा क्रमश: विजय ढकाल, सन्देश लामा, जीवन विष्ट, सुरेन्द्र अधिकारी, रोशन पुलामी, सुकुबहादुर पाखिन, राजकुमार लामा, विक्रम केसी, मेघबहादुर श्रेष्ठ र लेखराम डिम्डुङ रहेका छन् । सम्मेलनले केदार कार्की र सागर कट्टवाललाई सल्लाहकार चयन गरेको छ ।

बागमती प्रदेशका पूर्वमन्त्री तथा नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्य कुमारी मोक्तानको प्रमुख आतिथ्यता तथा संठगनका निवर्तमान अध्यक्ष बालकुमार मल्लको सभाध्यक्षतामा सम्मेलन भएको हो ।

कार्यक्रममा नेपाल राष्ट्रिय निर्माण व्यवसायी संगठनका केन्द्रीय अध्यक्ष शिवप्रसाद भट्टराई, नेकपा माओवादी केन्द्रका मकवानपुर इन्चार्ज विजय गौतम, केन्द्रीय सदस्य प्रमिला पुलामी, नेकपा माओवादी केन्द्र मकवानपुरका संयोजक भीम पाखिन, जिल्ला समन्वय समिति मकवानपुरका संयोजक ललित घलान, बागमती गाउँपालिका अध्यक्ष सर्केश घलान, संगठनका बागमती प्रदेश उपाध्यक्ष बसन्त खरेल, राष्ट्रिय निर्माण ब्यवसायी संगठन बागमती प्रदेश उपाध्यक्ष राजनप्रसाद ढकाललगायतको आतिथ्यता रहेको थियो ।

# शैक्षिक सुधारमा जुट्दै मकवानपुरगढी

साझाकुरा संवाददाता

हेटौंडा, १५ भदौ/ मकवानपुरको मकवानपुर गढीगाउँपालिका यतिबेला शैक्षिक सुधारमा जुटेको छ । शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र रोजगारीको आधार समृद्ध मकवानपुरगढी गाउँपालिका भन्ने उद्देश्यले शैक्षिक सुधारमा जुटेको हो ।

यसवर्षको एसईई परीक्षामा नतिजा कमजोर ल्याएपछि पालिकाले बजेट छुट्टयाएर शैक्षिक सुधारमा जुटेका हुन् । प्रमुख प्रशासकीय अधिकृत नवीन गङ्तान लामाले शिक्षा सुधारको अभियानलाई तीव्रता दिने जानकारी दिए । सबै विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति अध्यक्ष र सरोकारवाला निकायबीच छलफल गरी शैक्षिक रणनीति तथा योजना बनाएर काम गरिएको मकवानपुर गढी गाउँपालिका शिक्षा शाखाप्रमुख रामबहादुर घलानले बताए ।

बिदाको समयमा साउन महिनादेखि कक्षा-१० का विद्यार्थीलाई खान, बस्न सुविधासहित क्लोजक्याम्प चलाएको थियो । ८ र १० कक्षाको गणित/अंग्रेजी/विज्ञान लगायत कमजोर विषयको समयतालिका निर्माण गर्दै अतिरिक्त कक्षा संचालन गर्न लागेको जनाइएको छ ।

जहाँ, विद्यार्थी त्यहाँ शिक्षक भन्ने लक्ष्यसहित दरबन्दी मिलान गरिने, शैक्षिक प्रोत्साहन लगायत कार्यक्रम समेत गरिने बताइएको छ । शुक्रबार अतिरिक्त कक्षासहित गाउँपालिकामा रहेका विद्यालय ३ बजेसम्म सञ्चालनमा रहेका छन् । परीक्षालगायत पठनपाठनलाई एकरुपता ल्याइने बताइएको छ ।

HetaudaCityCollege.edu.np
ADMISSION OPEN



" First IT College In Makwanpur "
BSc.CSIT | BCA | BBS
Register Now
HETAUDA CITY COLLEGE (Affiliated to T.U.)
Hetauda - 5, Piple, Makwanpur
9855077417, 9855067435, 9855069444
Hetaudacitycollege@gmail.com

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?
अब निराश नहुनुहोस्...
हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।
हाम्रा विशेषताहरु:
☞ अनलाइन फर्म भर्ने सुविधा ।
☞ रोड टेस्ट गराइन्छ ।
☞ दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
☞ लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
☞ गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।
प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल
के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)
सम्पर्क: ९८४५१७०७१५, ९८१७२८४६१४, ९८४५०२७०५७



सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
☞ इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# सरकारी उदासिनताको शिकार हेटौंडा सिमेन्ट

कुनै समय थियो हेटौंडा सिमेन्ट उद्योगमा सिकेन्टको रकम जम्मा गरेर महिनौं कुरेर घर निर्माण गर्ने । घर बनाउन लागेका उपभोक्ताले ६ महिना अघिदेखी सिमेन्ट उद्योगमा पैसा जम्मा गरेर पालो कसनर्सको बिकल्प थिएन । भारतीय कम गुणस्तरका सिमेन्ट प्रयोग गर्न नचाहने उपभोक्तालाई पालो कुर्ने भन्दा बाहेक अन्य बिकल्प थिएन । डिलरसिप लिने र हेटौंडा सिमेन्ट बिक्रीबाट कमिसन खाने ब्यापारी पनि प्रर्याप्त थिए । यतिबेला समयले कोल्टे फेरेको छ । निजी क्षेत्रका सिमेन्ट उद्योगले पनि गुणस्तरीय सिमेन्ट उत्पादन गरिरहेका छन् । निजी क्षेत्रका उद्योगले आफ्नो सिमेन्ट बिक्री गर्नका लागि बिभिन्न योजनासहित उपहार पनि दिने गरेका छन् । तर, हेटौंडा सिमेन्ट उद्योग सरकारी निर्णय कुरेर बस्ने बाहेक बजारीकरणमा कुनै योजना बनाउन सक्ने अवस्थामा छैन । हेटौंडा सिमेन्ट उद्योग यतिबेला उत्पादन गर्नै कठिन, उत्पादन गरिहाले बिक्री गर्ने समस्या भोग्ने अवस्थामा पुगेको छ । अहिले पनि उपभोक्ताले पाएसम्म हेटौंडा सिमेन्ट नै प्रयाग गरिरहेका छन् ।

हेटौंडा सिमेन्ट उद्योगले अढाई महिनापछि क्लिङ्कर उत्पादन सुचारु गरेको छ । उद्योगलाई आवश्यक पर्ने कच्चापदार्थ कोइला अभाव, उत्पादित सिमेन्ट बिक्री नहुने, बिग्रेका मेशिन मर्मत गर्ने रकम अभाव जस्ता कारणले अढाई महिनादेखि उद्योगको उत्पादन बन्द थियो । उद्योगले उत्पादन गरेको सिमेन्ट बिक्री हुन नसकेका कारण केही महिना अघिसम्म समस्या थियो । अहिले उद्योगमा करिब ३५ सय बोरा तयारी सिमेन्ट मौज्दात रहेको हेटौंडा सिमेन्ट उद्योग ब्यवस्थापनले जानकारी दिएको छ । करिव २० दिनका लागि आवश्यक कोइला मौज्दात राखेर उद्योग संचालन सुरु गरिएको हो । उद्योगले उत्पादन गरेको सिमेन्ट बिक्री नभएपछि स्टकमा बसेको र कोइला खरिद गर्न रकम अभाव भएको उद्योगले जनाएको छ । उद्योगले केही दिन अघिमात्र कोइला खरिद गरेको थियो । भारत, ईण्डोनेसिया र भुटानबाट उद्योगलाई आवश्यक पर्ने कोइला बोलपत्रमार्फत् आपूर्ति गर्दै आएको छ । कच्चापदार्थ आपूर्ति गर्ने भन्दा पनि चार दसक पुराना मेशिन पटकपटक बिग्रेर मर्मत गर्ने काममा समस्या रहेको छ । उद्योगलाई आवश्यक पर्ने कोइला उद्योगमा मौज्दात भएपछि पुन: सिमेन्ट उत्पादन सुरु गरिएको हो । गतसाता संघीय उद्योगमन्त्री दामोदर भण्डारी, प्रतिनिधिसभा सदस्य महेशकुमार बर्तौलालगायतको टोलीले हेटौंडा सिमेन्ट उद्योगको बर्तमान अवस्था अवलोकन गरेका थिए । हेटौंडा सिमेन्ट उद्योगलाई बिशेष बजेटको ब्यवस्था गरेर संचालनमा ल्याउने सरकारको तयारी भइरहेको जानकारी दिइएको छ । तत्कालीन श्री ५ को सरकारले २०३३ सालमा हेटौंडा-९ लामसुरेमा सिमेन्ट उद्योग स्थापना गरेको हो । तत्कालीन समयमा १ अर्ब ३८ करोड ९० लाख रुपैयाँको लागतमा स्थापना भएको हेटौंडा सिमेन्ट उद्योगले २०४३ मंसिर २६ गतेदेखि ब्यावसायिक उत्पादन सुरु गरेको थियो । पछिल्लो ५ वर्ष यो उद्योग घाटामा संचालन भइरहेको छ । विद्युत महशुल बढेको र सिमेन्टको बजार मूल्य घटेको कारण पनि उद्योगले घाटा ब्यहोर्नु परेको बताइएको छ । उद्योगमा ब्याप्त कमिसनले उद्योग धरासायी बन्दै गएको छ ।

उद्योगका मेशिनरी उपकरण चारदसक पुरानो भएकोले केही उपकरण तत्कालै फेर्नुपर्ने अवस्थामा रहेको छ । उद्योगलाई निजी क्षेत्रको उत्पादनसँग प्रतिष्पर्धात्मक रुपमा संचालन गर्नका लागि पुराना उपकरण हटाएर आधुनिक उपकरण जडान गर्नुपर्ने हुन्छ । निजी क्षेत्रका सिमेन्ट उद्योगसँग प्रतिष्पर्धा गर्नका लागि आवश्यक रकम सरकारले ब्यवस्था गरेपछि मात्र उद्योग निरन्तर संचालनमा आउने अवस्था रहेको छ । उद्योगमा मौज्दात रहेको तयारी सिमेन्ट बिक्री गरी असार मसान्तसम्मको तलबभत्ता उपलब्ध गराइएको बताइएको छ । उद्योग पूर्णरुपमा बन्द भएको अवस्थामा पनि तलबभत्तामा मात्र मासिक करिव एक करोड रुपैयाँ खर्च आउँछ । कुनै समय एक हजार कामदार कर्मचारीले काम गर्ने हेटौंडा सिमेन्ट उद्योगमा अहिले स्थायी, अस्थायी, दैनिक ज्यालादारीका समेत करिव तीन सय ५० कामदार कर्मचारी कार्यरत छन् । उद्योगको दैनिक १६ हजार बोरा सिमेन्ट उत्पादन गर्ने क्षमता थियो तर, एक दसकदेखि उद्योग पूर्ण क्षमतामा संचालन हुन सकेको छैन । उद्योगले धादिङस्थित जोगीमारा, मकवानपुरको आमभञ्ज्याङस्थित मजुवा, भैंसे र ओखरे खानीबाट चुनढुंगा ल्याएर सिमेन्ट उत्पादन गरिरहेको छ । हेटौंडामै कारखाना रहेको शिबम् सिमेन्ट र रिद्धिसिद्धि सिमेन्टसँगै निजीक्षेत्रका ठूला उद्योगको उत्पादनसँग प्रतिष्पर्धा गर्न उद्योगलाई निकै ठूलो चुनौती भएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक


## भोलिको पात्रो

भोलि वि.सं. २०८१ भाद्र १७ गते सोमबार २ सेप्टेम्बर २०२४ । औंशी, भाद्र कृष्णपक्ष । गुँलागा ११४४ ने.सं. । सूर्योदय ५:४३, सूर्यास्त ६:२१ । कुशेऔंसी/पिता सम्मान दिवस । मोतीराम जयन्ती

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : आलोचनामा वृद्धि | **तुला** | : मान्यजनबाट विवाद |
| **वृष** | : यात्रामा अवरोध | **वृश्चिक** | : अहमपनले कार्यमा हानि |
| **मिथुन** | : व्यवसायमा सफलता | **धनु** | : शत्रु नाश |
| **कर्कट** | : मान हानिले खिन्नता | **मकर** | : परिवारमा कलह |
| **सिंह** | : धर्मकार्यमा खर्च | **कुम्भ** | : रोग नाश |
| **कन्या** | : न्यायिक कार्यमा सफलता | **मीन** | : अशुभ समाचार सुन्नुपर्ने |

# संसद्मा हदम्यादको विवाद



✍ श्यामप्रसाद मैनाली

नेपाल सरकारले २०७६ सालमा भ्रष्टाचार निवारण ऐन २०५९ लाई समयसापेक्ष परिमार्जन गर्ने उद्देश्यले एक विधेयक संसद्समक्ष पेस गरेको थियो । उक्त विधेयकमा दफावार छलफलपश्चात् राष्ट्रिय सभाले पारित गरी प्रतिनिधिसभामा पठाएको हो । हाल उक्त विधेयक प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिमा छलफल भइराखेको छ । छलफलको विषय विशेष गरी भ्रष्टाचार मुद्दामा हदम्याद कायम गर्ने वा नगर्ने विषयमा केन्द्रित छ । यसको चौतर्फी विरोध र केही समर्थकहरूसमेत देखिएका छन् । आखिर के हो त के हदम्याद ? के भ्रष्टाचार मुद्दामा हदम्याद हुँदै हुँदैन ? भ्रष्टाचार मुद्दामा अनुसन्धान गरी मुद्दा पेस गर्ने हदम्याद राख्दा भ्रष्टाचार नियन्त्रणमा अवरोध सिर्जना हुने नै हो त ? यो अत्यन्त पेचिलो विषय बन्दै आएको छ ।

संसद्मा पेस हुन आएको उक्त विधेयकको ४५ को उपदफा १ मा भ्रष्टाचारजन्य कसुरमा त्यस्तो कार्य भएको थाहा पाएको मितिले पाँच वर्षभित्र मुद्दा चलाउनुपर्नेछ । उपदफा २ मा जुनसुकै कुरा लेखेको भए तापनि सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले त्यस्तो पदमा बहाल रहँदाका बखत भ्रष्टाचार गरेको रहेछ र त्यस्तो विषयमा यस ऐनबमोजिम तत्काल कार्य हुन सक्ने रहेनछ भने अवकाश भएको मितिले पाँच वर्षभित्र निजउपर यस ऐनबमोजिम कारबाही गर्न वा मुद्दा चलाउन बाधा पर्नेछैन । उपदफा ३ मा १ र २ मा जुनसुकै कुरा लेखेको भए पनि सरकारी सामुदायिक वा सार्वजनिक सम्पत्ति वा नेपाल सरकार प्रदेश सरकारमा स्थानीय तह वा सार्वजनिक संस्थाको स्वामित्व वा नियन्त्रण रहेको सम्पत्ति हिनामिना गरी भ्रष्टाचार गरेकोमा मुद्दा चलाउन सक्ने छैन भन्ने व्यवस्था छ ।

हदम्यादसम्बन्धी विषयलाई कसरी बुझ्ने यसबारेमा विधिशास्त्रीय मान्यताका साथै अन्य प्रचलनमा रहेका कानुनी प्रावधानसमेतको अध्ययन गर्नुपर्ने हुन्छ । सामान्यतया हदम्याद भनेको सम्पत्ति, पद, अधिकारमा कसुरसम्बन्धी दाबी गरी न्यायिक उपचारका लागि त्यस मामिला हेर्ने अधिकार प्राप्त अदालत वा अन्य पदाधिकारीसमक्ष वा निकायसमक्ष उजुरी दाबी विरोध गरी कानुन बमोजिम फिराद गर्न पाउने अवधिलाई सम्झनु पर्दछ । विधिशास्त्रीय मान्यता अलि पृथक छ । त्यसपछि निश्चित समयभित्र न्याय नखोजेमा उसलाई सधैँभरि यस प्रकार दिएको कानुनी सुविधा प्राप्त हुँदैन भन्ने अवधारणाबाट सम्बन्धित विषयको प्रयोग र प्रारम्भ भएको मानिन्छ । यसको उद्देश्य कुनै पनि व्यक्तिले अपराध गरेको भए तापनि उसलाई आजीवन कानुनत: आतंकित बनाएर राख्न मिल्दैन । कुनै निश्चित समयसीमाभित्र उसको विरुद्ध उजुरी सक्षम निकायमा दर्ता हुनुपर्दछ र यसको निर्क्योल हुनुपर्दछ । निश्चित समय व्यतीत भएपछि मुद्दा चल्न सक्दैन र ढिलो गरी गरिएको दाबीलाई अमान्य गर्नेसमेत यसको उद्देश्य रहेको छ ।

संसद्को प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिमा छलफलको क्रममा रहेको यो विधेयकलाई हदम्याद कायम गरेर निर्णयमा पुग्ने वा हदम्यादै नराख्ने हो, यस विषयमा निर्णय लिन सहज रहोस् भन्ने अभिप्रायले यो आलेख तयार पार्ने काम भएको छ । भ्रष्टाचार मुद्दामा हदम्याद कायम गर्न हुने या नहुने भन्ने सन्दर्भ विवादित छ । यसका विवादित पक्षमा पैरवी गर्नेहरूले म्याद दिन हुने वा नहुने दुवै विचारहरु स्वतन्त्रपूर्वक राख्दै आएका छन् । हदम्याद राख्नुपर्छ भन्नेहरूका तर्कहरूका बारेमा पहिले विश्लेषण गरौँ । हदम्याद तोक्दा भ्रष्टाचार जस्तो जघन्य अपराधको अनुसन्धान, तहकिकात र अभियोजन यथासमयमा हुन सक्छ । हानी-नोक्सानी भएको सम्पत्ति यथासमयमा फिर्ता हुन्छ । अपराधीले दण्डित हुनै पर्ने अवस्था बन्छ । यो व्यवस्थाले कानुनी निश्चितता पनि कायम गर्दछ । यदि हदम्याद कायम नरहनु हो भने सधैँ अनिश्चितता रहन्छ ।

कहिले अनुसन्धान गर्छ ? कहिले उजुरी पर्छ र कहिले अभियोजन हुन्छ ? कुनै निश्चित हुँदैन । हदम्यादभित्रै अनुसन्धान गरिने व्यवस्था हुँदा प्रमाण नष्ट गर्ने अवसर अपराधीले कमै मात्र पाउँछ । नियन्त्रक निकाय अथवा नेपालको सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई यथा समयमा अभियोजनकारी अपराधीलाई दण्डित गर्न बाध्यात्मक परिस्थिति सिर्जना गरिदिन्छ । एक प्रकारको हदम्यादको दबाब सम्बन्धित निकायलाई पर्दछ । गल्ती गर्ने अपराधीहरू पनि आफ्नो अपराधको दण्ड यथासमयमा पाई बाँकी जीवन शान्तिपूर्वक बिताउन पाउने उनीहरूको अधिकारको संरक्षण हुन्छ । किनकि हदम्याद सकिएपछि निजउपर मुद्दा चल्दैन । अख्तियारप्राप्त निकाय जहिले पनि अनुसन्धान गर्न, उजुरी लिन स्वतन्त्रतापूर्वक अघि बढ्ने हो भने यस्तो संस्था अत्यन्त ज्यादा स्वेच्छाचारी र पूर्वाग्रही पनि बन्न सक्छ । हदम्यादको व्यवस्था काम चुस्त-दुरुस्त र तोकेको समयभित्र गर्नका लागि पनि हो । यसले अनिश्चितताबाट निश्चिततातर्फ मार्गदर्शन गर्दछ र यो अत्यावश्यक छ ।

तर भ्रष्टाचार मुद्दामा हदम्याद हुनुहुँदैन भन्ने पक्षकाहरू पनि रहेका छन् । भ्रष्टाचार जस्तो जघन्य अपराधमा निश्चित अवधिभित्र मात्र मुद्दा अभियोजन गर्न पाइन्छ भन्ने सन्दर्भ नै अपराधीहरुलाई उन्मुक्ति दिने आधार बन्दछ । गम्भीर प्रकृतिका मुद्दाहरूमा हदम्यादको व्यवस्था गरिँदैन । भ्रष्टाचारजन्य अपराधलाई गम्भीर प्रकृतिको अपराधको रुपमा स्वीकार गरिएको छ । भ्रष्टाचारीहरु सधैँ डर र सन्त्रासमा बाँच्नुपर्दछ । यसले गर्दा उनीहरूलाई फेरि अर्को भ्रष्टाचार जन्य काण्डमा संलग्न हुन उत्साहित हुने अवस्था बन्दैन । भ्रष्टाचारजन्य क्रियाकलापबाट अन्त्यमा सर्वसाधारण नागरिकहरु नै प्रताडित हुने हुन् ।

यसैले पनि यी अपराधीहरुलाई हदम्यादको आधारमा उन्मुक्ति दिने काम गर्नु सर्वथा अनुचित हो । घुस लिएको, भ्रष्टाचार गरेको, गैरकानुनी सम्पत्ति आर्जन गरेको सन्दर्भ पेचिलो हुन्छ । प्रमाण छोडेको हुँदैन । यस अर्थमा अनुसन्धान तहकिकातको विषय जटिल बन्दछ । निर्धारित समय अवधिमा अनुसन्धान गरी मुद्दा अभियोजन गर्न सकिँदैन । त्यसैले भ्रष्टाचार सम्बन्धी अपराधमा अत्यन्त उदारताका साथ हदम्याद नराखिने व्यवस्था गरिन्छ । फौजदारी कानुनको गम्भीरतापूर्वक अध्ययन र विश्लेषण गर्दा धेरैजसो गम्भीर र जघन्य प्रकृतिका अपराधमा हदम्याद राख्ने काम गरिँदैन । मौजुदा कानुनले हदम्याद नराख्ने व्यवस्था स्पष्ट गरेको हुन्छ । तसर्थ जुनसुकै समय पनि अपराधीलाई कानुनको दायरामा ल्याउन नियन्त्रक निकाय स्वतन्त्र रहन्छ । राज्यले ठूलो हानि-नोक्सानी बेहोर्नुपरेको अवस्था विद्यमान भएको खण्डमा त्यस्ता भ्रष्टाचारमा संलग्न व्यक्तिको अधिकारलाई गौन मानिन्छ ।

हदम्यादको व्यवस्था न्याय प्रदान गर्ने मनसायले राख्ने हो । तर भ्रष्टाचारजस्ता मुद्दाहरूमा यसको परिणति भ्रष्टाचारबाट दण्डित हुनबाट बच्ने, बचाउने अर्थमा रहन्छ । भ्रष्टाचार मुद्दामा अनुसन्धान गर्दै जाँदा नसोचेको जटिलता र चुनौती देखा पर्दछ । यसले गर्दा स्पष्ट गर्न अत्यन्त लामो समय लाग्न सक्छ । शक्तिशाली व्यक्तिले ठूला भ्रष्टाचार गर्दछन् । त्यस्ता व्यक्तिहरु शक्तिको आडमा अनुसन्धान प्रक्रियालाई लम्ब्याउन सक्षम हुन्छन् र उन्मुक्ति प्राप्त गर्दछन् । हदम्याद सहजै गुजार्ने काम गर्न सक्छन् ।

अन्तर्राष्ट्रिय मूल्य-मान्यता एवं प्रचलन अध्ययन गर्दा म्याद दिने र नदिने दुवै किसिमको व्यवस्था विभिन्न देशहरूमा पाइन्छ । अमुक देशको विशेष परिस्थितिका आधारमा यस्तो व्यवस्था गरिएको हुन्छ । यस्तो व्यवस्था केही देशहरूमा पाँच वर्ष, सात वर्ष र कुनै-कुनै देशमा १० वर्षसम्म अवधि राखिएको छ । विशेष गरी भ्रष्टाचार कम हुने देशमा यस अपराधमा हदम्याद राख्ने काम गरिँदैन । बढी भ्रष्टाचार हुने देशमा हदम्याद तोकिएको अवस्था पाइन्छ । यस अर्थमा पनि हदम्यादले भ्रष्टाचार हटाउने होइन, बढाउने कुरा स्वत: सिद्ध छ । कतिपय देशले भ्रष्टाचारसम्बन्धी मामिला जटिल बन्दै जाँदा यसमा राखिएका हदम्याद सम्बन्धी प्रावधानलाई नै निलम्बन गर्दै कारबाही अघि बढाउने प्रचलन पनि देखिएको छ ।

राष्ट्र संघीय महासन्धिको धारा २९ मा प्रत्येक राज्यपक्षले उपयुक्तताअनुसार स्थापित गरिएका कुनै पनि सम्बन्धमा कानुनी कारबाही शुरु गर्न आफ्नो मुलुकको कानुनमा लामो अभ्यास सम्बन्धी कानुनी व्यवस्था गर्ने तथा आरोपित कसुरदारहरुले न्याय प्रशासनलाई छल्ने काम हदम्यादसम्बन्धी कानुनी प्रावधानलाई लामो बनाउने, हदम्यादसम्बन्धी कानुनी प्रावधान नै निलम्बन गर्ने व्यवस्था छ । यो महासन्धिको नेपालले हस्ताक्षर गरी पक्षका रुपमा रहेको छ । मित्र देश पाकिस्तानमा भ्रष्टाचारसम्बन्धी मुद्दा दायर गर्ने हदम्यादको व्यवस्था गरेको पाइँदैन । भारतमा भ्रष्टाचारसम्बन्धी कसुरमा मुद्दा दायर गर्ने विषयमा निश्चित हदम्याद राखिएको छैन । बंगलादेशको भ्रष्टाचार नियन्त्रणसम्बन्धी कानुनले पनि हदम्यादको व्यवस्था गरेको छैन । भुटान र माल्दिभ्समा भ्रष्टाचारसम्बन्धी मुद्दाको तहकिकात गरी अभियोजन गर्ने प्रयोजनका लागि १० वर्ष हदम्याद तोकिएको छ । केही देशहरूले हदम्यादसम्बन्धी विषयमा कसुरको मात्रा हेरी हदम्यादको वर्गीकरणसमेत गरेको पाइन्छ । यसमा दक्षिण कोरियामा १० वर्षभन्दा माथिको कैद सजाय हुनेमा २५ वर्ष, पाँच वर्षदेखि सात वर्षसम्म सजाय हुनेमा १५ वर्ष हदम्यादको व्यवस्था छ । विश्वका विभिन्न देशहरूमा गम्भीर भ्रष्टाचार जन्य मुद्दामा हदम्याद तोकिनुहुन्न भन्ने आवाज बुलन्द हुँदै आएको छ । युरोपियन युनियनमा संलग्न देशहरुमा अध्ययन, अनुसन्धानले गम्भीर प्रकृतिको ठूलो बिगो कायम गर्नुपर्ने भ्रष्टाचारका मुद्दामा हदम्याद तोक्दा प्रमाण जुटाउन कठिन पर्ने हुन्छ । त्यसो हुनाले यस्ता मुद्दाहरुमा हदम्याद तोक्नुहुँदैन भन्ने एक अध्ययन प्रतिवेदनमा स्पष्ट गरेका छन् र त्यही प्रतिवेदनको आधारमा कानुनको परिमार्जन गर्ने प्रयास भइराखेको छ ।

नेपालमा पनि विभिन्न खालका व्यवस्थाहरू भइराखेका छन् । भ्रष्टाचार निवारण ऐन २०१७ को व्यवस्थालाई अध्ययन गर्दा, मुद्दा दायर गर्ने हदम्याद सरकारी वा सार्वजनिक सम्पत्ति हिनामिना गरी भ्रष्टाचार गरेकोमा हदम्याद नलाग्ने अध्ययन-अनुसन्धान गरी अभियोजन गर्न सक्ने व्यवस्था छ । अन्य भ्रष्टाचारका मुद्दाहरुमा विभागीय कारबाही समाप्त भएको मितिले ६ महिनाको र विभागीय कारबाही नभएकोमा कारबाही शुरु भएको मितिले दुई वर्षको हदम्याद हुनेछ । एकै व्यक्तिमाथि विभागीय कारबाही भएको र नभएको दुवै अवस्था रहेछ भने ६ महिनावाद दुई वर्षमध्ये जुन पछि आउँछ सोही हदम्याद कायम हुने स्पष्ट कानुनी व्यवस्था छ । तर अहिलेको प्रचलित भ्रष्टाचार निवारण ऐन २०५९ मा हदम्याद तोकिएको छैन । त्यसैले अब तोक्ने कि भन्ने विषयमा छलफल केन्द्रित भइरहेको अवस्था छ ।

*(साभार: न्यूज अफ नेपाल)*

# ‘स्वकीय सांसदको सल्लाहकार समेत हो, बिचौलिया होइन’

✍ आकृति घिमिरे

*स्वकीय सचिव, सांसद सुमना श्रेष्ठ*

म पेशाले पत्रकार थिएँ । कुनै कार्यक्रममा स्वयंसेवकको भूमिका निर्वाह गरेको बेला सुमना श्रेष्ठसँग भेट भयो । कामको सिलसिलामा उहाँसँग दुई पटक भेटेकी थिएँ । त्यस बेला उहाँ सांसद हुनुभएको पनि थिएन । जब उहाँ सांसद हुनुभयो, मैले गरेको काम देखेर उहाँले मलाई स्वकीय सचिवको प्रस्ताव गर्नुभयो । म न उहाँको कार्यकर्ता न नातेदार । उहाँले गर्नुभएको प्रस्ताव मैले नाइँ भन्न सकिनँ । पत्रकारिता पेशा छाडेर विदेश अध्ययनको तयारीमा थिएँ, त्यही बेला उहाँ सांसद हुनुभयो । विदेश अध्ययनमा जाने तयारी गरिरहँदा म पनि जागिरको खोजीमा थिएँ । देशको विधायकले गरेको कामको प्रस्ताव मैले नकार्न सकिनँ । उहाँको प्रस्तावलाई सहजै स्वीकार गरें ।

सुमना श्रेष्ठको स्वकीय सचिवको रूपमा काम गरेको १९ महिना भयो । काम गर्दै जाँदा यतिसम्म निकट भएँ कि माननीय सुमना भन्नुपर्नेमा म दिदी भनेर सम्बोधन गर्छु । हाम्रो मत मिल्ने एउटै विषय छ त्यो हो- ‘कुरा होइन काम गर्नुपर्छ ।’ यस अवधिमा सिक्ने राम्रो अवसर पाएकी छु । सिक्दैछु । यो जिम्मेवारीबाट मैले आफू र देशको सिस्टमलाई चिन्ने अवसर पाएकी छु । उहाँ नयाँ सांसद, म पनि संसदीय प्रक्रियाको बारेमा जानकारी नभएको व्यक्ति । अब सचिवालय कसरी व्यवस्थापन गर्ने भन्ने मेरो जिम्मेवारीमा आयो । स्वकीय भएर मैले के गर्नुपर्ने हो भन्ने मलाई थाहा थिएन । हामीले सँगै गर्दै सिक्दै गयौं । सांसदलाई संसदीय प्रक्रियामा प्रभावकारी भूमिका निर्वाह गर्न सरकारले स्वकीय सचिव माथि लगानी गरेको रहेछ ।

त्यसैले स्वकीयको महत्वपूर्ण भूमिका हुन्छ भन्ने मैले बुझ्दै गएँ । मलाई स्वकीयको नियुक्ति दिएको पत्र सहित सुमना दिदी र मैले संसद् सचिवालयमा जानकारी गरायौं । जीवनको पहिलो पटक म सिंहदरबार छिरेकी थिएँ । मैले व्यक्तिगत विवरण बुझाएँ । त्यसकै आधारमा परिचय पत्र बन्यो । तर, संसद् सचिवालयबाट स्वकीय भएपछि के गर्ने भन्ने केही जानकारी भने पाइएन । त्यसबेला मेरो जिम्मेवारी के हो भन्ने नै यकिन थिएन । यसकारण स्वकीय सचिवको पदीय जिम्मेवारीको विवरण कामसँगै कोर्दै, थप्दै, बढाउँदै लग्यौं । भूमिका स्वकीय सचिवमा मात्रै सीमित भएन, सुमना श्रेष्ठको सचिवालय प्रमुखको भूमिका निर्वाह गर्नुपर्ने थियो । सुरुमा दिदीले संसद्रुमा बोल्नुपर्ने विषय पहिचान गरेर आवश्यक सूचना संकलन गर्‍यौं । यही क्रममा संसद्को क्यालेन्डरको विषय उठान गर्ने सचिवालयमा रहेका हामीहरूले निधो गरौं । अरू देशको संसद्मा अपनाएको संसद् क्यालेन्डरको विषय अध्ययन गर्‍यौं । नेपालमा कसरी लागू गर्न सकिन्छ भन्ने नमूना पनि तयार गर्‍यौं ।

हामीले गरेको अध्ययन र नमूना क्यालेन्डरले संसद्रुमा प्रवेश पायो । फलस्वरुप संसद्मा क्यालेन्डर पनि लागू भयो । संसद्मा जे बोल्ने हो त्यसको लागि आवश्यक पर्ने सूचना सम्बन्धित निकायबाट संकलन गर्थ्यौं । कतिपय कार्यालयबाट सूचना नदिएपछि सूचनाको हक प्रयोग गरेर पनि सूचना मागेर संसद्रुमा प्रस्तुत हुने सामग्री तयार गर्‍यौं । त्यसपछि आफ्नो जिम्मेवारी के हो भन्ने सिक्दै गएँ । जब सरकारले संसद्मा विधेयक दर्ता गर्छ, त्यसपछि विधेयकमाथि हाल्ने संशोधनको तयारीमा जुट्छौं । विधेयक आउने बित्तिकै हरेक लाइन पढेर समस्या पहिचान गर्छौं । संशोधनको मस्यौदा तयार गर्नुअघि विधेयकको सरोकारवाला को हो, उनीहरूको के धारणा छ ? यसअघिको कानुनमा के थियो ? अब कस्तो बनाउने भन्ने छलफल गर्छौं ।

यी छलफलमा दिदी पनि बस्नुहुन्छ र हामीलाई दिशानिर्देश गर्नुहुन्छ, लाइन-लाइन छलफल गर्नुहुन्छ । विधेयकमा के संशोधन हाल्ने भन्ने सार्वजनिक रूपमा आह्वान समेत गर्ने गरेका छौं । त्यसको आवश्यक ‘टुल’ को विकास पनि सचिवालयले गर्ने गरेको छ । संशोधन हाल्ने अवधि ७२ घण्टा भित्र संशोधन तयार गरेर संसद् सचिवालयको इमेलमा पठाउने गरेका छौं । हामीले १३ वटा विधेयकमा काम गरिसक्यौं । यसले थप परिपक्व बनाउँदै लगेको अनुभूति भएको छ । काममा रमाउँदा समय गएको पनि पत्तो हुँदो रहेनछ । कतिपय अवस्थामा संशोधन तयार गर्दा रात-दिन जुन बेला पनि काम गर्नुपर्ने हुन्छ । यो जिम्मेवारी मेरो हो भनेर अपनत्व लियौं भने काम पनि राम्रो हुँदोरहेछ, सफलता पनि पाइने रहेछ । जब सुमना दिदीले सदनमा बोल्नुहुन्छ, त्यसमा मैले पनि केही सहयोग पुऱ्याउन सकेकी छु भन्ने महसुस हुन्छ । सदन र सडकमा दिदीले उठाउनुभएको विषयको चर्चा हुँदा सचिवालयको नेतृत्वको हैसियतमा निकै खुसी लाग्छ र थप मिहिनेत गर्न प्रेरणा मिल्छ ।

एउटा स्वकीयको भूमिका प्रशासनिक पनि हुँदोरहेछ । सांसदको दैनिक क्यालेन्डर तयार गरिदिने, समय व्यवस्थापन गरिदिने काम पनि स्वकीयकै हो । जस्तै कुनै कार्यक्रममा सांसदलाई निम्तो आएपछि त्यसमा जाने कि नजाने, यदि जाने हो भने के बोल्ने भन्ने सुझाव दिने वा आवश्यक परे तयारी गर्ने काम पनि स्वकीयकै हो । हामीले दिदीको दैनिक क्यालेन्डर वेबसाइटमा सबैले हेर्न मिल्ने बनाएका छौं । कुन दिन के काम छ भन्ने सबैले थाहा पाउँछन् । वेबसाइटमा आवश्यक सामग्री तयार पनि सचिवालयले नै गर्ने गरेको छ । त्यस्तै सचिवालयलाई आएको इमेललाई रेस्पोन्स गर्ने काममा पनि म सक्रिय छु । यदि कसैले विश्वास गरेर इमेल पठाएको हुन्छ अनि त्यसलाई रेस्पोन्स गरिएन भने दिदीप्रतिको विश्वास टुट्न सक्छ । स्वकीयको रूपमा दिदीले कुनै ठाउँमा के बोल्नुपर्ने हो सो सम्बन्धी सामग्री तयार गर्ने, त्यसलाई अभिलेख गर्ने, हरेक मन्त्रालय र निकायमा भएको पत्रको अभिलेख गर्ने काम पनि मैले गर्ने गरेकी छु । त्यस्तै कुन विधेयकमा संशोधन गर्न कोसँग छलफल गर्ने, छलफलबाट के निष्कर्ष निस्क्यो, के संशोधन हाल्यो भन्ने यकिन विवरणको अभिलेख पनि राख्ने गरेकी छु । त्यस्तै संसद्रुमा उठाउने विषयका बारेमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभ्यासको अध्ययन गर्ने, अब के गर्ने भन्ने उपाय सहितको योजना बनाउने काम पनि सचिवालयले गर्ने गरेको छ । हामीले जे काम गर्छौं, जुन विषय बोल्ने भनिएको हुन्छ त्यसको तथ्य जाँच गर्ने, सम्पादन गर्ने काममा बढी नै जोड दिन्छौं । यस्तै सामाजिक सञ्जालका लागि सामग्री तयार गर्ने काम पनि हामीले नै गर्छौं । दिदीले संसद्मा बोलेको कन्टेन र भिडियो तत्काल सामाजिक सञ्जालमा राख्ने काम पनि सचिवालयले गर्छ ।

सांसद र मन्त्रीको स्वकीय हुँदाको फरक अनुभव लिने मौका पनि मिल्यो । सांसद हुँदा स्वीमिङ पुलमा पौडी खेले जस्तो थियो भने मन्त्री भएपछि मेरो भूमिका समुद्रमा पौडी खेले जस्तो भयो । सांसदको स्वकीय हुँदा अनुसन्धानमा बढी आधारित थियो भने मन्त्रालयमा गएपछि भएका नीति नियमलाई कार्यान्वयन गराउन सिस्टमसँग सहकार्य गर्नुपर्ने भयो । हरेक विषयलाई कसरी व्यवस्थापन गर्ने भन्ने जिम्मेवारी आयो । मैले यो उमेरमा ब्यूरोक्रेसीसँग मिलेर काम गर्न पाउनु ठूलो अवसरको रूपमा लिएकी छु । नीति बनाउँदा सरोकारवालासँग छलफल गराउने, भएका कानुन र नियममा के समस्या छ, कार्यान्वयनको अवस्था के छ भन्ने बुझाउने मौका पनि पाएँ । सांसदलाई स्वकीय किन चाहिन्छ भन्ने पनि मैले अहिले आएर बुझें । सांसदसँग समय हुँदैन । जनतासँग भेट्ने, पार्टीका काममा, सदनमा उपस्थित हुँदा बढी नै व्यस्तता हुन्छ । संसद्मा आफ्नो गतिलो उपस्थिति देखाउन स्वकीयको भूमिका महत्वूर्ण हुने रहेछ ।

संसद् र समितिमा बोल्न होस् वा विधेयकमा संशोधन हाल्न पनि अनुसन्धान आवश्यक पर्छ । यो सबै काम स्वकीयले गर्ने हो । सांसदले जे काम गर्न खोज्नुहुन्छ त्यसमा सहयोगीको भूमिका स्वकीयको हुने रहेछ । त्यस्तै सदन, समिति, सार्वजनिक कार्यक्रममा उठान हुने विषयको सही वा गलत के हो भन्ने सुझाव दिने काम पनि स्वकीयको हुने रहेछ । स्वकीय सांसदको कर्मचारी मात्रै होइन, ऊ नागरिक पनि हो । उसले दिने सुझावले सांसदले गलत गर्न लागेको छ भने पनि रोक्न सुझाव दिन सक्छ । सुमना दिदीले यसो गरौं भन्दा मैले नगरौं वा त्यसरी हैन यसरी गरौं भनेर सुझाव दिनसक्छु । स्वकीय सहयोगी मात्रै होइन कि नजिकको सल्लाहकार पनि हो भन्ने मैले बुझेकी छु । सांसदले नियुक्ति गर्ने स्वकीयलाई सबै कुरा थाहा नहुन सक्छ । उसलाई परिपक्व बनाउने काम सांसदले मात्रै गर्न सक्दैन । यसको लागि संघीय संसद् सचिवालयको महत्वपूर्ण भूमिका हुन्छ । हरेक स्वकीयको क्षमता अभिवृद्धिमा सचिवालयको योगदान हुनुपर्छ ।

जसरी मलाई शुरुमा अन्योल भएको थियो, अरूलाई पनि हुन सक्छ । सचिवालयले कार्यकाल शुरु भएको धेरैपछि एक पटक अभिमुखीकरण त गरेको थियो तर, त्यसपछि सचिवालयको भूमिका आइडी कार्ड दिने र अभिलेख राख्ने मात्रै भएको छ । उसको काम स्वकीयको क्षमता अभिवृद्धिमा पनि हुनुपर्छ । सांसद र संसद् सचिवालयको पुलको काम स्वकीयले गर्ने हो । तर, अहिले त संसदीय समितिको बैठकमा सांसदलाई उपस्थित गराइदिनु भन्दै फोन गर्नमा मात्रै सीमित छ । यसले सचिवालयको जिम्मेवारी पूरा हुन्छ जस्तो लाग्दैन । स्वकीयको काम सांसदको फोन उठाउने, कुनै काम गराउन सहयोग गर्छु भनेर बिचौलियाको भूमिका निर्वाह गर्ने, कार्यकर्ता भेट गराउने मात्रै होइन । सांसदलाई संसदीय प्रक्रियामा सक्रिय गराउने समेत हो रहेछ भन्ने मैले बुझेकी छु । यो अनुभवले मलाई शासन र प्रशासन बुझ्ने मौका दिएको छ । त्यस्तै मैले स्वकीय सचिवको भूमिकामा रहँदा मेरो पुस्ताको विचार म मार्फत मुलुकको सांसदलाई सुनाउन र बुझाउन पाएकी छु । यसमा गर्व लाग्छ ।

*(साभार: अनलाइनखबर)*

# हेला खेपेकी पलेशाले दिलाएको ऐतिहासिक पदक



काठमाडौं/तेक्वान्दोकी खेलाडी पलेशा गोवर्धनले शुक्रबार पारालिम्पिक्समा ऐतिहासिक कांस्य पदक जितिन्। उनले के ४४ क्याटेगोरी अन्तर्गत महिला ५७ केजी मुनि सर्वियाकी मारिया मिसेभलाई १५-८ ले पराजित गर्दै पदक जितेकी हुन् । नेपालले सन् १९६४ को टोकियो ओलम्पिकदेखि सहभागी जनाउन थाले पनि पदकविहीन थियो । ओलम्पिकमा नेपाली खेलाडीको उपस्थिति सहभागितामा सीमित थियो । तर पलेशाले ६ दशक लामो ओलम्पिकमा पदकविहीन यात्रा अन्त्य गर्दै ओलम्पिकमा पदक जित्ने नेपालको पहिलो खेलाडी बनिन् ।

हुन त पलेशाबाट पारालिम्पिक्समा स्वर्णकै अपेक्षा थियो । तर क्वार्टरफाइनलमा ब्राजिलियन खेलाडी सिल्भाना मायारा पर्नान्डेजसँग ८-६ को अग्रता बचाउन नसक्दा स्वर्ण सम्भावना सकियो । पर्नान्डेजले बडी किकबाट लगातार चार अंक जोडेपछि पलेशा १०-८ ले पराजित हुन पुगेकी थिइन् ।

पलेशाले पहिलो खेलमा भेनेजुएलाकी मोरालेसलाई ३१-० ले पराजित गर्दै क्वाटरफाइनलमा स्थान बनाएकी थिइन् । कांस्य पदकका लागि भएको प्रतिस्पर्धामा एक समय ७-७ को बराबरी अवस्थाबाट पलेशा ८-७ ले पछि परेकी थिइन् ।

त्यो अवस्थामा उनले टोकियो पारालिम्पिक्स २०२१ मा कांस्य पदकका लागि भएको प्रतिस्पर्धामा चिनियाँ खेलाडीसँगको प्रतिस्पर्धा याद गरिन् । आफ्नो उत्कृष्ट प्रदर्शन दिए पनि चिनियाँ खेलाडीसँग ली युजी १२-९ ले पराजित हुँदै कांस्य पदक जित्नबाट उनी चुकेकी थिइन् । त्यो समय ९-९ को बराबरीबाट अन्तिम १० सकेन्ड सम्हालिन नसक्दा हार व्यहोर्न पुगेकी थिइन् ।

पुन: त्यो ऐतिहासिक पदक नजिक पुगेर हार्न चाहिनन् । पलेशा ८-७ ले पछि पर्दा खेल सकिन ४९ सेकेन्ड बाँकी थियो । खेल सकिन २२ सेकेन्ड बाँकी रहँदा ११-८ को अग्रता बनाएकी उनले १५-८ ले जित्दै इतिहास रचेकी थिइन् ।

जितपछि नेपालको झण्डामा उनी र प्रशिक्षक कविराज नेगी लामाले रिङ परिक्रमा गरेका थिए । त्यहाँ उपस्थित दर्शकहरुले तालीले सम्मान समेत गरेका थिए । 'म एकदमै खुसी र गर्व महसुस गरेकी छु । मैले १० वर्षको उमेरमा जुन सपना देखेको थिएँ, आज २१ वर्षमा आएर पूरा भएको छ' ऐतिहासिक जितपछि उनले भनेकी छन्, 'सबै गुरुहरुलाई म धन्यवाद दिन चाहन्छु ।'

उनले यो सफलता आफ्नो मात्र नभएर नेपालकै भएको समेत बताएकी छन् । 'म मात्रै होइन, हरेक नेपालीले गर्वका साथ हामीसँग एउटा मेडल छ भन्न सक्छन् । यो कांस्य पनि हाम्रो लागि ठूलो हो, पलेशाले भनेकी छन् ।

पारालाई छाडेर ओलम्पिकमा ६ दशक यात्रामा ९२ खेलाडीले सहभागिता जनाएका छन् । तेक्वान्दोकी संगीना वैद्य २००४, दीपक विष्ट २००८ र टेबलटेनिसका स्यान्टु श्रेष्ठ मात्रै छनोट यात्रा पार गरेर ओलम्पिकमा सहभागी भएका हुन् । अन्य सबै खेलाडी कोटा मार्फत ओलम्पिक खेल्दै आएका छन् ।

पारालिम्पिक्समा भने नेपालले सन् २००४ देखि सहभागिता जनाउन थाल्यो । पलेशा पारामा छनोट पार गर्दै पारालिम्पिक्स खेल्ने पहिलो खेलाडी हुन् । गत चैतमा चीनको ताइयानमा भएको पारालिम्पिक्सको एसियाली छनोट प्रतियोगितामा स्वर्ण जित्दै पेरिस पारालिम्पिक्समा सहभागी भएकी थिइन् ।

गत वर्ष चीनको ह्वाङझाउमा भएको एसियाली पारा खेलकुद अन्तर्गत महिला के- ४४ क्याटगोरी अन्तर्गत ५७ केजीमुनि तौल समूहमा कांस्य पदक जित्दै इतिहास रचेकी थिइन् । एसियाली पारा खेलकुदमा नेपालले जितेको यो पहिलो पदक थियो । ओलम्पिकमा पनि उनले त्यो रेकर्ड कायमै राखिन् ।

नेपाली खेलाडीले ओलम्पिकमा पदक जित्नसक्छ भन्ने स्थापित गरिन् । 'नेपाल सरकारले राम्रोसँग खेल र राम्रो प्रदर्शन मात्रै भन्नुहुन्थ्यो । तर मेडल ल्याउँछन् भनेर कसैलाई विश्वास हुने थिएन', उनले भने, मैले गरें । अन्य खेलाडीहरु पनि धेरै क्षमतावान् छन् । उनीहरुले पनि धेरै मौका पायो भने नेपालमा हजार भन्दा बढी मेडल हुनेछन् ।'

पारालिम्पिक्स खेल्न जानुअघि नेपाल तेक्वान्दो संघको सहयोगमा उनले इंग्ल्यान्डको म्यानचेस्टरमा एक महिना अभ्यास गरेकी थिइन् । त्यसले उनलाई धेरै सहयोग गरेको बताउँछिन् । 'मैले एक महिनामा यति धेरै उपलब्धि हात पार्न सक्छु भने, अरुलाई पनि त्यति नै गर्ने हो भने उनीहरुले पनि सक्छन्', उनले भनिन् ।

**को हुन् पलेशा ?**

पलेशाको जन्म सन् २००३ जुलाई २५ मा भएको थियो । आमा मनिता र बुबा प्रदीप छोरी जन्मिएको खुसी साट्न नपाउँदै आश्चर्यमा परे । किनकि उनको जन्मजात नै बायाँ हातको नाडीभन्दा तल्लो भाग विकास नै भएको थिएन ।

उनको त्यही अवस्थाका कारण काठमाडौंको बागबजार घर भएका उनका बुबा आमाले समाजमा अनेक कुराहरु सुन्नु पर्दथ्यो । राम्रो भन्दा नराम्रो कुराहरु बढी सुन्थें । पलेशालाई पनि साथीभाइहरुले जिस्काउँथे । पलेशा पनि साथीभाइहरुले देख्छन् कि भनेर सधैं पूरा बाहुला भएको कपडा लगाउँथिन् । जावलाखेलस्थित डीएभी स्कुलमा अध्ययन गर्ने क्रममा आमाबुबाले 'सेल्फ डिफेन्स'का लागि तेक्वान्दो सिकाउने निर्णय लिए । काठमाडौं डोजाङमा भर्ना गरिदिए । तर पलेशा सुरुसुरुमा जान मानिनन् । किनकि उनलाई किकहरु खासै आउँदैनथ्यो, हार्छु भन्ने डर लाग्थ्यो ।

बुबा आमाले जाऊ खेल, तिमी जित या हार, हाम्रो लागि सधैं विजेता हौ भनेर सम्झाउने गर्दथे । पलेशाले पनि तेक्वान्दो बुझ्न थालिन् । जाउलाखेल पढ्ने र सातदोबाटोमा तेक्वान्दो सिक्न जान्थिन् । त्यही तेक्वान्दो उनको पहिचान बन्यो । सन् २०१६ मा उनी पहिलो पटक राष्ट्रिय टोलीमा परिन् । विश्व पारा तेक्वान्दो च्याम्पियनसिपमा भाग लिंदा मात्र १३ वर्षकी थिइन् ।

पलेशाले अन्तर्राष्ट्रिय प्रतियोगिता २०१७ मा दक्षिण कोरियाको छुनचियोनमा भएको तेश्रो एसियाली पारा तेक्वान्दो खुला च्याम्पियनसिपमा डेब्यू गर्दै पाँचौं भइन् । २०१७ मा लन्डनमा भएको विश्व पारा तेक्वान्दो च्याम्पियनसिपमा उनले एउटा खेल जित्दै सातौं भइन् । अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा जितको अनुभव भयो । त्यसपछि त एकपछि अर्को सफलता हात पार्दै आएकी छिन् । अन्तर्राष्ट्रिय प्रतियोगितामा पहिलो फाइट जितेको एक वर्षपछि नै २०१८ मा उनले पहिलो अन्तर्राष्ट्रिय पदक जितिन् । भियतनाममा भएको एसियन पारा तेक्वान्दो ओपन च्याम्पियनसिपमा कांस्य पदक जितेकी थिइन् । सन् २०१९ मा जोर्डन र टोकियोमा गएर प्रतिस्पर्धा गरेपनि पदक जित्न सकिनन् ।

तर २०२१ मा उनले एसियाली युथ पारा गेम्समा पहिलो पटक स्वर्ण जितिन् । कोरोना महामारीको कारण उनले पारालिम्पिक्समा पुग्न छनोट खेल्ने अवसर पाइनन् । तर भाग्यको साथले वाइल्ड कार्डबाट पाराओलम्पिक्स २०२१ मा नेपालबाट प्रतिनिधित्व गर्ने एक्लो खेलाडी बनिन् ।

कोरोनाकालको समय हुँदा राम्रोसँग प्रशिक्षण गर्न पाइनन् । ५८ केजीको प्रतिस्पर्धामा सहभागी हुन उनले ५ केजी आफ्नो तौल घटाउनु परेको थियो । कडा मिहिनेतका साथ तौल घटाइन् । कांस्य पदकको प्रतिस्पर्धामा चिनियाँ खेलाडी ली युजिसँग अन्तिम १० सेकेन्ड बाँकी रहँदा ९-९ को बराबरी अवस्थामा थिइन् । तर त्यसपछि सम्हालिन नसक्दा १२-९ ले पराजित भएकी थिइन् ।

पहिलो खेलमा बेलायतकी खेलाडीसँग पराजित भए पनि उनले रिपिचेजको क्वार्टरफाइनलमा अमेरिकी खेलाडी ब्रियान्ना सालिनारालाई र सेमिफाइनलमा सर्वियन खेलाडी मारिजा मिसेभलाई हराएकी थिइन । यो बेला उनले चाहेको पदक त आएन, तर ओलम्पिकमा दुई खेल जित्ने पहिलो नेपाली खेलाडी बनेकी थिइन् । यो पटक ऐतिहासिक कांस्य पदक हात पारिन् ।

पलेशाको सानैदेखि इन्जिनियर बन्ने सपना थियो । चीनको सांघाईमा यही विषय अध्ययन गरिरहेकी छन् ।

(स्रोत: अनलाइनखबर)

# मकवानपुरका तामाङ्ले गाए दुई भाषामा गीत

साझाकुरा संवाददाता

हेटौंडा, १५ भदौ/ मकवानपुरे गायक प्रकाश तामाङ्ले दुई भाषामा गाएको गीत सार्वजनिक गरिएको छ । गायक तामाङ्ले नेपाली र इन्डोनेसियन गरी दुई भाषामा गाएको 'गोरी-गोरी नक्कली' बोलको गीत सार्वजनिक भएको हो ।

गीतमा उनलाई इन्डोनेसियन गायिका बेलिनाले साथ दिएकी छन् । पहिलोपटक गायक तामाङ्ले इन्डोनेसियन र गायिका बेलिनाले नेपाली भाषामा गीत गाएका हुन् । नेपाली गायकले गाएका हिन्दी र अंग्रेजी भाषाका गीत भने प्रशस्त पाइन्छ । तर, सम्भवत: नेपाली गायकले इन्डोनेसियन भाषामा गाएको गीत यो पहिलोपटक नै हो । गीत गायक तामाङकै




अफिसियल युट्युब च्यानलमार्फत् सार्वजनिक गरिएको हो ।

गीतमा शब्द, संगीत गायक तामाङ र सुरज तितुङको रहेको छ भने गीतलाई दिपेश प्रधानले मिक्सिङ मास्टरिङ गरेका छन् । गीतको म्युजिक भिडियोमा समिर तामाङ र बेलिनाको अभिनय रहेको छ । विक्रम लुङ्वाको छायाँकन तथा कोरियोग्राफी रहेको म्युजिक भिडियोमा रामेश्वर हुमागाईंको सिनेम्याटोग्राफी रहेको छ । म्युजिक भिडियोलाई राकेश दाहालले सम्पादन गरेका हुन् ।

## मकवानपुरका ठकुरी सहित दुईजना पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, १५ भदौ/ मकवानपुरका सुजनसिंह ठकुरी अवैध लागूऔषधसहित पक्राउ परेका छन् । मकवानपुर घर भई नख्खु बस्ने ३० वर्षीय ठकुरी ललितपुरबाट पक्राउ परेका हुन् ।

उनलाई भैसेपाटीबाट खटिएको प्रहरीटोलीले पक्राउ गरेको हो । साथै प्रहरीले ठकुरीसहित अर्का एकजनालाई पनि पक्राउ गरेको छ । पक्राउ पर्नेमा रामेछाप घरभई बल्खु बस्ने ३० वर्षीया बिन्दा तामाङ रहेका छन् । ललितपुर महानगरपालिका-२५ नख्खुबाट पक्राउ परेका उनीहरुको साथबाट प्रहरीले १९० नुर्फिन, १९० फेनारगन, १९० डाइजेपाम, ट्रामाडोल ६६ प्रयोग भएका तथा नभएका सिरिन्जहरु बरामद गरेको छ ।

यस्तै, उनीहरुले प्रयोग गरेको एउटा मोटरसाइकल पनि बरामद गरिएको प्रहरीले जनाएको छ । पक्राउ परेका उनीहरुमाथि प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## नवयुवा साकोसको स्थापना दिवसमा रक्तदान



साझाकुरा संवाददाता

हेटौंडा, १५ भदौ/हेटौंडा उपमहानगरपालिका-११ नवलपुर स्थित नवयुवा बचत तथा ऋण सहकारी संस्थाले १६ औं स्थापना दिवसको अवसरमा शनिबार खुला रक्तदान कार्यक्रम आयोजना गरेको छ ।

संस्थाका अध्यक्ष फूलमान श्रेष्ठको सभाध्यक्षता तथा हेटौंडा-११ का वडाध्यक्ष जुना दाहालको प्रमुख आतिथ्यतामा रक्तदान कार्यक्रम गरिएको हो । कार्यक्रममा २८ जनाले रक्तदान गरेको संस्थाका व्यवस्थापक नन्दलाल श्रेष्ठले बताए । रक्तदान कार्यक्रम सहकारीले नेपाल रेडक्रस सोसाईटी, रक्तसञ्चार केन्द्रसँग सहकार्य गरेको थियो ।

त्रिभुवन माविको परिसरमा आयोजित रक्तदान कार्यक्रममा संस्थाका संस्थापकअध्यक्ष गोकर्ण पराजुली, वडा सदस्य सञ्जय विडारीको आतिथ्यता रहेको थियो । खेमराज सापकोटाले स्वागत गरेको रक्तदान कार्यक्रमलाई सचिव गोविन्द पुडासैनीले सञ्चालन गरेका थिए ।

जापानमा एक्लोपनको गम्भीर समस्या:

## ४ हजार जनाको शव एक महिनापछि मात्रै भेटियो



काठमाडौं/जापानमा यस वर्षको पहिलो ६ महिना अवधिमा ४० हजार जना मानिस घरमै एक्लै मृत फेला परेका छन् । जापान पुलिसले हालै सार्वजनिक गरेको रिपोर्टले एक्लोपनका कारण ठूलो संख्यामा मृत्यु भएको देखाएको हो ।

जापानको राष्ट्रिय पुलिस एजेन्सीका अनुसार तथ्यांकमध्ये करिब ४ हजार जना मानिसको शव एक महिनापछि मात्रै फेला परेको थियो । १ सय ३० जनाको मृत्यु भएको करिब एक वर्षसम्म पनि थाहा हुन सकेको थिएन ।

संयुक्त राष्ट्र संघका अनुसार यसबेला जापानमा सबैभन्दा बढी वृद्ध वर्गको जनसंख्या छ । र, त्यहाँ एक्लोपनको गम्भीर समस्याका रुपमा देखा परेको छ । यो रिपोर्ट सार्वजनिक भएसँगै जापानी प्रहरी एजेन्सीले एक्लै बाँच्ने र मर्दा पनि एक्लै हुने गरी पछिल्लो समय जापानमा आइरहेको समस्या उजागर गर्ने विश्वास लिएको छ ।

जापानको राष्ट्रिय पुलिस एजेन्सीको तथ्यांकअनुसार एक्लै बस्ने करिब ३७ हजार २२७ जना आफ्नै घरमा मृत फेला परेका थिए । त्यसमा पनि ७० प्रतिशतभन्दा बढी ६५ वर्ष माथिका छन् ।

करिब ४० प्रतिशत मानिसको शव मृत्यु एक दिनभित्रै फेला परेको थियो । जबकी करिब ३ हजार ३९३ जनाको शव एक महिनापछि भेटिएको थियो । बाँकी रहेका १३० जनालाई फेला पर्नुभन्दा अगाडि कसैले पनि ध्यानसम्म पनि दिएका थिएनन् ।

जापानी पब्लिक टीभी नेटवर्क एनएचकेका अनुसार प्रहरीले यो तथ्यांक एक सरकारी समूहलाई दिइएको छ, जसले बेवारिसे मृत्युबारे जाँच गरिरहेको छ ।

यसवर्षभन्दा पहिले जापानी राष्ट्रिय जनसंख्या संस्थान र सामाजिक सुरक्षा अनसन्धानले भनेका थिए, 'देशमा ६५ वर्ष या सोभन्दा बढी उमेर समूहका नागरिकको संख्या सन् २०५० सम्ममा १ करोड ८ लाख पुग्न सक्छ ।'

## ढोरपाटन सिकार आरक्षको करिब २०० हेक्टर जमिन अतिक्रमण

म्याग्दी/पूर्वी रुकुम, बागलुङ र म्याग्दी जिल्लामा फैलिएको ढोरपाटन सिकार आरक्षको करिब दुई सय हेक्टर सार्वजनिक जमिन अतिक्रमण भएको पाइएको छ । एक हजार ३२५ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको ढोरपाटन सिकार आरक्षको ६० प्रतिशत पूर्वी रुकुम, २६ प्रतिशत बागलुङ र १४ प्रतिशत भूगोल म्याग्दीमा पर्छ । आरक्षको आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदनमा १८५ हेक्टर जमिन अतिक्रमण भएको उल्लेख छ ।

जग्गाधनी पुर्जा भएकै घरछेउमा जग्गा अतिक्रमण गरेर आफ्नो कम्पाउन्डमा भित्र्याउने क्रम बढेको हो । आरक्षको जग्गा बर्सेनि अतिक्रमित भए पनि सरोकारवाला निकायबाट यसलाई रोक्ने प्रयास भएको छैन । आरक्षका संरक्षण अधिकृत मण्डिप पँगेनीले ३४ स्थानमा तीन सय ११ घरधुरीले एक सय ८५ हेक्टर क्षेत्रफल जमिन अतिक्रमण गरेको बताए । 'सिकार आरक्षमा अतिक्रण मुख्य चुनौती बनेको छ,' उनले भने, 'अतिक्रमण पहिचान गर ी खाली गराउन नेपाल सरकारका विभिन्न निकाय र सरोकारवालहरुसँग पहल गरेका छौं ।' वन तथा खर्क क्षेत्रमा बसोबास र खेतीपातीका लागि अतिक्रमण भएको छ । रुकुमको रन्मा, मैकोट, हुकाम, तकसेरा र कात्री, म्याग्दीको जलजला र गुर्जाघाट तथा बागलुङको छेन्तुङ, स्यालपाखे, नवीलगायत गाउँमा पनि अतिक्रमण छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

२०६२ सालदेखि चौकीटोल ओरालोमा रहेर सेवारत **लामा फ्रेस मिट सप**
अब नयाँ स्थान र नयाँ नाममा उही उत्कृष्ट सेवासहित...

**ओम फ्रेस मिट सप**

**तपाईंको सेवामा**






यहाँ ब्रोइलर, लोकल र लोहाटन कुखुरा तथा खसी, बोकाको मासु पाइनुका साथै चिकेन र मटन म:म को किमा पनि पाइन्छ ।

प्रोप्राइटर:
नुतन लामा

**ओम फ्रेस मिट सप**
हेटौंडा-२ चौकीटोल ओरालो (मन्त्रालय भवनको अगाडि)
सम्पर्क नं. ९८४५०२८४६६, ९८४५८६३७२१

# देव र नरेन्द्रको जोडीलाई ब्याडमिन्टन उपाधि

साझाकुरा संवाददाता

हेटौंडा, १५ भदौ/ मकवानपुरको थाहानगरस्तरीय प्रथम जेसीज कप डबल ब्याडमिन्टन प्रतियोगिताको उपाधि देव अर्याल र नरेन्द्र मोक्तानको जोडीले हात पारेको छ ।

थाहा नगरपालिका-४ क्याम्पाडाँडा कबर्डहलमा भएको प्रतियोगितामा १२ टिमलाई पछि पार्दै उनीहरुले उपाधि चुमेका हुन् । प्रतियोगितामा संग्राम केसी र मधुसुदन चौधरीको जोडी दोस्रो भएको छ । कडा प्रतिस्पर्धाकाबीच भएको खेलमा पहिलो एक/एक सेट जितेका दुवै प्रतिस्पर्धीले अन्तिम सेटमा देव र नरेन्द्रको टिमले आग्रता लिएपछि उपाधि उचालेका हुन् । प्रथम भएसँगै उनीहरुले नगद १० हजार, शिल्ड, मेडल तथा प्रमाणपत्र पाएका छन् ।

उनीहरुलाई कार्यक्रमका प्रमुखअतिथि थाहानगर खेलकुद विकास समितिका संयोजक तथा वडा नम्बर १२ का वडाध्यक्ष टीकाराम स्याङ्तानले पुरस्कार वितरण गरेका थिए । थाहा नगरपालिका-३ का वडाध्यक्ष हिरेन्द्रकुमार रायमाझी विशेष अतिथि रहेको पुरस्कार वितरण समारोह पालुङ जेसीज वर्ष २०२४ का अध्यक्ष निरज रायमाझीको अध्यक्षतामा भएको थियो ।




प्रतियोगितामा दोस्रो भएको संग्राम र मधुसुदनको टिमले नगद ७ हजार शिल्ड, मेडल तथा प्रमाणपत्र पाएको छ । १३ टिमाको सहभागिता रहेको जेसीजकप ब्याडमिन्टन प्रतियोगिताको उत्कृष्ट खेलाडी संग्राम केसी घोषित भए । उनले नगद २ हजार पाँचसय पुरस्कारसहित ट्रफी हात पारेका छन् । प्रतियोगिता १३ भादौबाट लिगचरण अन्तर्गत रही खेलाइएको थियो । प्रतियोगिताका मुख्य निर्णायक यादवजङ्ग रायमाझी रहेका थिए ।

प्रतियोगिताका लागि प्रथम पुरस्कार पालुङ जेसीजका वर्ष २०२४ का अध्यक्ष निरज रायमाझीले आफ्नो हजुरबुबा स्वर्गीय रणबहादुर रायमाझीको नाममा प्रायोजन गरेका थिए प्रथम शिल्ड र मेडल पालुङ जेसीज वर्ष २०२४ का महासचिव विक्रम गोपालीले प्रायोजन गरेका थिए ।

द्वितीय पुरस्कार मकवानपुरगढी जेसीज वर्ष २०२४ का अध्यक्ष विजय पुडासैनीले प्रायोजन गरेका थिए भने शिल्ड र मेडल पालुङ जेसीज वर्ष २०२४ का कोषाध्यक्ष संजय गोपालीले प्रायोजन गरेका थिए । त्यसैगरी उत्कृष्ट खेलाडीको नगद पुरस्कार सिमरा जेसीजका वर्ष २०२४ का अध्यक्ष लक्की रिमाल र ट्रफी पालुङ जेसीजका श्रीकृष्ण श्रेष्ठले प्रायोजन गरेका थिए ।

पुरस्कार वितरण कार्यक्रममा वडा नम्बर ४ का वडाध्यक्ष नारायण लामा, इलाका प्रहरी कार्यालयका प्रमुख श्याम थापा, पालुङ जेसीजका पूर्वअध्यक्षा तथा पदाअधिकारी, स्थानीय संघसंस्थाका पदाअधिकारी, सञ्चारकर्मी तथा खेलाडी र खेलप्रेमीको आतिथ्यता रहेको थियो । पालुङ जेसीजको आयोजनामा भएको प्रतियोगिताको समन्वय थाहानगर ब्याडमिन्टन संघ, फरक सोच र शिखर क्लबले गरेको थियो । प्रतियोगिताको मिडिया पार्टनरमा पालिका प्रेस डटकम, थाहापाटी, थाहाटाइम्स, बाइरोड न्यूज, दामन एफएम र टिम टेलिभिजन हेटौंडा रहेका थिए ।

सुशान्त श्रेष्ठको संयोजकत्वमा भएको प्रतियोगिताको प्रचारप्रसारमा सहयोग गर्ने सञ्चार माध्यमहरु, पुरस्कार प्रायोजक, सहयोगी संस्थालाई कदरपत्रसहित सम्मान गरिएको थियो । अतिथिलाई पालुङ जेसीज अध्यक्ष नीरज रायमाझीले मायाँकोचिनोस्वरुप 'रुदाने' पुस्तक प्रदान गरेका थिए । सन् २००० मा स्थापना भएको पालुङ जेसीजले विभिन्न सामाजिक कार्यहरु गर्दै आएको छ ।

# 'तीजमा महिला अधिकारका कुरा पनि गरौं'-डीना

साझाकुरा संवाददाता

हेटौंडा, १५ भदौ/ नेपाली कांग्रेसका केन्द्रीय सहमहामन्त्री महालक्ष्मी उपाध्याय डीनाले संघीयता पश्चात महिला अधिकारका विषयमा केही उपलब्धी भएको दावी गरेकी छिन् ।

कांग्रेस निकटको नेपाल महिला संघ मकवानपुरले शनिबार हेटौंडामा आयोजना गरेको तीज विशेष कार्यक्रममा उनले संविधानमै महिला अधिकारको विषय प्रष्ट लेखिएपनि अझै पूर्ण रुपमा कार्यान्वयन भने हुन नसकेको बताइन् ।

'संघीयता पश्चात राज्यको विभिन्न स्थानमा महिलाको प्रतिनिधित्व बढेको छ, तर त्यो पर्याप्त छैन', उनले भनिन्, 'तीजमा रमाइलो मात्र नभई महिला अधिकारका विषय पनि उठान गर्नु आवश्यक छ ।' महिला अधिकारका विषयमा संविधानमा उल्लेख भएका विषय जानकारी गराउनु आवश्यक रहेको उनको सुझाव थियो ।

पछिल्लो समय तीज भड्किलो बन्दै गएकोमा उनले चिन्ता व्यक्त गरिन् । 'तीजलाई सन्देशमुलक र सचेतनामुलक बनाउनु पर्छ । रमाइलोको लागि मात्र सोच्नहुन्न', डीनाले भनिन्, 'धर्म संस्कृतिको जगेर्ना गर्दै यस पर्वलाई जोगाउनु आवश्यक छ ।'



नेपाल महिला संघ मकवानपुर अध्यक्ष लक्ष्मी श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा कांग्रेस मकवानपुर उपसभापति आनन्द कठायत, कांग्रेस नेताहरु आनन्दराम पराजुली, गोरीमाया तामाङ, सर्मिला श्रेष्ठ लगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

महिलाहरुको पर्व हरितालिका तीजको अवसरमा शुभकामना आदानप्रदान गर्नुका साथै सँगै दर खाने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको महिला संघ अध्यक्ष श्रेष्ठले जानकारी दिइन् । महिला संघले प्रत्येक वर्ष तीज विशेष कार्यक्रमको आयोजना गर्दै आएको छ ।

कार्यक्रममा कांग्रेस मकवानपुरका नेताहरुको आतिथ्यता रहेको थियो । कार्यक्रममा विविध सांस्कृतिक कार्यक्रमको आयोजना समेत गरिएको थियो ।

# हेटौंडा साकोसको तीज विशेष कार्यक्रम

साझाकुरा संवाददाता

हेटौंडा, १५ भदौ/हेटौंडा बचत तथा ऋण सहकारी संस्था लिमिटेडले व्यक्तित्व विकासमा सहकारी विषयक अन्तरक्रिया तथा तीज विशेष कार्यक्रम आयोजना गरेको छ ।

संस्थाका कार्यवाहक अध्यक्ष बिजयबहादुर बस्नेतको प्रमुख आतिथ्यतामा शनिबार संस्थाको मुख्य कार्यालय हेटौंडा-७ नागस्वतीमा कार्यक्रमको आयोजना गरिएको हो । कार्यक्रममा बत्तीकात्ने प्रतियोगिता, मौलिक नृत्य र गायन प्रतियोगिता समेत आयोजना गरिएको थियो ।

संस्थामा आबद्ध महिला शेयरसदस्य सहभागी भएको बत्तिकात्ने प्रतियोगितामा हेटौडा-७ की मनिषा घिमिरे प्रथम, हेटौंडा-७ कै लक्ष्मी गौतम दोस्रो र हेटौंडा-८ का लक्ष्मी दाहाल र विष्णु बस्नेत तेस्रो हुन सफल भए । त्यस्तै, नृत्य प्रतियोगितामा मनाकुमारी पन्त र गायनमा लक्ष्मीकुमारी दाहाल, रमा दाहाल, पार्वती दाहाल र श्रृजना बस्नेतको टोली उत्कृष्ट हुन सफल भए ।

खुल्ला रुपमा राम्रो नृत्य गर्ने उर्मीला सुवेदी र कुसुम रिजाललाई पनि नगदद्वारा पुरस्कृत गरिएको थियो । कार्यक्रममा व्यक्तित्व विकासमा सहकारी विषयक अतरक्रिया समेत भएको थियो । सहकारीमा आबद्ध भएपछि आत्मविश्वास थप बढेको सहभागीले बताएका थिए । महलिा उपसमिति संयोजक उर्मीला चौलागाईको सभाध्यक्षतामा भएको कार्यक्रममा संस्थाका व्यवस्थापक रामशरण गौतम, कोषाध्यक्ष पार्वती भट्ट, सचिव युवराज गौतमलगायतले शुभकामना राखेका थिए ।

# पदमपोखरीमा वातावरणीय अपराध रोकथाम तालिम

साझाकुरा संवाददाता

हेटौंडा, १५ भदौ/हेटौंडा उपमहानगरपालिका-१२ हात्तीगौंडा पदमपोखरीमा वातावरणीय अपराध रोकथाम तथा नियन्त्रणसम्बन्धी शुक्रवार एक दिवसीय सचेतना तालिम भएको छ ।

इनोभेटिभ भिजन प्रालि काठमाडौंको आयोजना एवम् वातावरणीय सचेतनाको लागि एकीकृत विकास हेटौंडाको समन्वय तथा अमेरिकी सरकारको युएसएआइडीको सहयोगमा एक दिवसीय कार्यक्रम भएको हो । राष्ट्रिय निकुञ्जका मध्यवर्ती क्षेत्रका स्थानीय समुदायका लागि वातावरणीय अपराधसम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको हो । वातावरणीय अपराध रोक्न समुदायको भूमिका महत्वपूर्ण हुने भएकाले वातावरणीय अपराधबारे समुदायलाइ सचेतना मूलक प्रशिक्षण दिइएको थियो ।

वातावरणीय अपराध रोकथाम र नियन्त्रणमा स्थानीय समुदायको भूमिका र वातावरणीय अपराध नियन्त्रणका विषयमा प्रशासन सापकोटा र नेपालमा वातावरणीय अपराध तथा तिनको नियन्त्रण एवम् रोकथामका लागि हालसम्म भएका प्रयास र नेपालमा वातावरणीय अपराधलाई नियन्त्रण गर्ने मुख्य कानुनका विषयमा सोल्जर यादवले सहजिकरण गरेका थिए ।

जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललितबहादुर घलानको प्रमुख आतिथ्यता एवम् प्राकृतिक संरक्षण उपभोक्ता समिति अध्यक्ष आश्विर बलको सभाध्यक्षतामा कार्यक्रम भएको हो । कार्यक्रममा डिभिजन वन कार्यालय मकवानपुरका डिभिजन वन अधिकृत वसन्तराज गौतम, जिल्ला वन महासंघ



मकवानपुरका सदस्य बखानसिं घलान, जनकल्याण मध्यवर्ती सामुदायिक वनका श्रीबहादुर बस्नेतलगायतले वन, वातावरण र आमउपभोक्ताले भोग्नुपरेका विषयमा बोलेका थिए । कार्यक्रममा स्थानीय ५२ जनाको सहभागिता रहेको आयोजकले जनाएको छ ।

# हेटौंडा जेसीजको आयोजनामा साइकल जात्रा

साझाकुरा संवाददाता

हेटौंडा, १५ भदौ/हेटौंडा जेसीजको आयोजनामा हेटौंडामा शनिबार साइकल जात्रा २०८१ सम्पन्न भएको छ । मकवानपुर जिल्ला साइक्लिङ संघको सहकार्यमा आयोजित साइकल जात्रामा २४७ जनाले सहभागिता जनाएका थिए ।

हेटौंडा-४ हुप्रचौरबाट सुरु भएको साइकल जात्राका सहभागीले हेटौंडाको विभिन्न ठाउँको कूल ३७.५ किलोमिटर यात्रा गरेका थिए । नेपाली कांग्रेस बागमती प्रदेशसभापति एवम् प्रदेशसभा सदस्य ईन्द्रबहादुर बानियाँले साइकल जात्राको उद्घाटन र दिउँसो सहभागीलाई प्रमाणपत्र वितरण गरेका थिए । कार्यक्रमका प्रमुखअतिथि बानियाँले साइकल जात्राले सहरलाई स्वस्थ्य र स्मार्ट बनाउनुको साथै साइकलको प्रयोग वातावरणमैत्री एवम् मानवस्वास्थ्यका लागि राम्रो हुने बताए ।

'सहरीक्षेत्रको प्रदुषण अधिकांश सवारीसाधनको प्रयोगले भएको छ । साइकल चढ्ने संस्कृतिको विकास गर्नसके हावाको प्रदुषण घट्छ र सहरबासी स्वस्थ्य हुनेछन् । त्यतिमात्रै होइन, यसप्रकारका कार्यक्रमले आपसी सद्भाव र बन्धुत्वको भावनासमेत बढ्छ' उनले भने । साइकलयात्रीले हुप्रचौरबाट कपुर कम्प्लेक्स हुँदै, चौकीटोल, सानोपोखराचोक, चुच्चेखोला, हटिया, कमाने, हनुमानगेट, सिमेन्टरोड, पदमपोखरीको पानतले, कुस्माण्ड सरोबर र सिमेन्टरोड हुँदै हेटौंडा जेसीजको सचिवालयसम्मको यात्रा गरेका थिए ।

सचिवालयमा आयोजित कार्यक्रममा सहभागीलाई प्रमाणपत्र वितरण गरिएको थियो । त्यस्तै क्रमश: ८ वर्ष र ७ वर्षकी रोनीता खड्की र स्वीकृति मिश्रले पनि ३७.५ किलोमिटर यात्रा पूरा गरेको भन्दै उनीहरुलाई सम्मान गरिएको हेटौंडा जेसीज वर्ष २०२४ का अध्यक्ष विकेशलाल श्रेष्ठले जानकारी दिए । सन् २०१७ बाट सुरु भएको साइकल जात्रा २०१८ मा भएको थियो । बीचमा निरन्तरता पाउन नसकेको यो कार्यक्रम अहिले पुन: २०२४ मा भएको हो ।

सूचना ! सूचना !! सूचना !!!

अब किन जानु पर्‍यो विदेश ?

हामी कहाँ आउनूस्
छानीछानी सुमो किनेर
आफैं साहु बन्नूस्

६०% बैंकिङ सुविधा



हामी कहाँ २००७ देखि २०१६ मोडलको सिस्नेरीको रुटमा चलिरहेको TATA SUMO बिक्रीका लागि उपलब्ध छन् ।

आजै सम्पर्क गर्नुहोस्
Singhabahini Moto Corp Pvt. Ltd.
९८०२५३७८३१, ९८०२५३७७०८, ९८०२५३७७०५

हार्दिक बधाई तथा शुभकामना



यस संघका सल्लाहकार एवम् अग्रज यातायात व्यवसायी हेटौंडा ४, मकवानपुर निवासी **राजेन्द्र श्रेष्ठ** ज्यू, बागमती प्रदेश सरकार खानेपानी, ऊर्जा तथा सिंचाइ मन्त्रालयको अवैतनिक सल्लाहकारमा नियुक्ति हुनु भएकोमा हार्दिक बधाई ज्ञापन तथा कार्यकालको सफलताका लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

सरोजकुमार खनाल, महासचिव एवम् हिरालाल श्रेष्ठ, अध्यक्ष

नारायणी यातायात व्यवसायी संघ, परिवार

सामाजिक सञ्जालको रचनात्मक प्रयोग गरौं

- सामाजिक सञ्जालमा प्राप्त भएका सूचनाको सत्यता बुझेर मात्र विश्वास गरौं,
- सामाजिक सञ्जालमा आउने झूठा वा भ्रामक सूचनाले अफवाह फैलाउन सक्छ,
- विश्वसनीय स्रोतबाट प्राप्त जानकारीलाई मात्र विश्वास गरौं,
- सामाजिक सञ्जालको प्रयोग ज्ञान प्राप्त गर्न र सूचना आदानप्रदान गर्न गरौं,
- सामाजिक सञ्जाललाई सकारात्मक र रचनात्मक रुपमा प्रयोग गरौं,
- सामाजिक सञ्जालको अत्यधिक प्रयोगले मानसिक तथा शारीरिक समस्या देखापर्न सक्छ, सतर्क रहौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

DFSK EC 36
" हाम्रो सुमो सेवाको नौलो प्रस्तुती "



हाम्रो ई.भी. सेवा
हेटौंडा-कुलेखानी-फाखेल-काठमाण्डौं-हेटौंडा-ठिङ्गन-सातदोबाटो
काठमाण्डौं काउन्टर:-०१-५४०४४४५,९८५५०७८४७८ हेटौंडा काउन्टर:- ०५७-५२१४२१, ९८५५०७८३७८
सानेपा पुरानो स्टार हस्पिटलसँगै बल्खु पुलपारी
मुख्य कार्यालय, हेटौंडा :-०५७-५९१०४०
पुरानो मकवानपुररोड
सुरक्षित एवं भरपर्दो यात्राको लागि हाम्रो ई.भी. सेवालाई सम्झनुहोस ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना